नौकुण्ड गाउँपालिका,रसुवा

**स्थानीय राजपत्र**

| खण्ड २ | संख्या ९ | मिति :२०७७/१२/०८ |
|---|---|---|

**भाग २**

**नौकुण्ड गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि

सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्बत् २०७७ सालको कार्यबिधि संख्या ९

# नौकुण्ड गाउँपालिकाको युवा लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७७

प्रस्तावना :

देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम बजार तर्फ पलायन भइरहेको सन्दर्भमा नौकुण्ड गाउँपालिका क्षेत्रका युवाहरुमा भएको ज्ञान, सीप क्षमताको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नका साथै विदेशबाट फर्केका युवाहरुले आर्जन गरेका सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुको परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रबर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध नौकुण्ड निर्माणका लागि स्वरोजगार मार्फत युवा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले

नौकुण्ड गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नौकुण्ड गाउँपालिकाको मिति..................मा बसेको बैठकले नौकुण्ड गाउँपालिकाको युवा लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७७ पारित गरी लागू गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "नौकुण्ड गाउँपालिकाको युवा लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७७ " हुनेछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बेरोजगार,अर्ध वेरोजगार व्यक्ति वा समूह" भन्नाले नौकुण्ड गाउँपालिका क्षेत्रका आय आर्जन हुने कुनै पनि पेशा, व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएको व्यक्तिलाई सम्झनु पर्छ ।

ख) "लक्षित कार्यक्रम" भन्नाले लक्षित व्यक्ति वा समूहको रोजगारी सिर्जना गरी आयआर्जन अभिवृद्धि गर्न सघाउ पुऱ्याउन व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग व्यवसाय संचालनको लागि गरिने कार्यक्रम सम्झनु पर्छ ।

ग) "लक्षित" भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नौकुण्ड गाउँपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ ।

घ) "उद्यम" भन्नाले प्रचलित कानूनले निषेध गरे बाहेकका नाफा कमाउन तथा रोजगारी सिर्जना हुने नियमित आर्थिक क्रियाकलापलाई सम्झनु पर्छ ।

ङ) "समूह" भन्नाले कृषि, पशु, तथा कुटिर उद्योग संचालनका लागि प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न काम गर्दै आएका समूहलाई सम्झनु पर्छ ।

(च) "सिफारिस समिति" भन्नाले दफा ८ वमोजिमको समितिलाई सम्झनु पर्छ ।

(छ) "छनौट समिति" भन्नाले दफा ९ वमोजिमको समितिलाई सम्झनु पर्छ ।

(ज) दलित समुदाय भन्नाले नेपाल सरकारबाट सूचीकृत दलित जात जाती सम्झनु पर्दछ ।

(झ) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची(४ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ञ) "समूह" भन्नाले फरक फरक परिवारका सदस्य मिलेर उद्यम संचालन गर्न गठन गरेको समूहलाई सम्झनु पर्छ ।

(ट) "वित्तीय संस्था" भन्नाले स्वरोजगार कार्यक्रम संचालनको लागि ऋण लगानी तथा असुली लगायतको बैंकिग कार्यहरु गर्न नौकुण्ड गाउँपालिकाले छनौट गरी सम्झौता गरेको बैंक, बचत तथा ऋणको कारोबार गर्ने वित्तीय संस्थालाई सम्झनु पर्छ ।

(ठ) "सेवा प्रदायक संस्था" भन्नाले छनौट भएका ऋणीहरुको प्रारम्भिक पहिचान गर्ने, व्यवसायीक शिप तथा व्यवस्थापकीय क्षमता विकास गर्ने, उद्यम संचालन तथा ऋण असूलीको नियमन गर्ने लगायत अन्य तोकिएका कार्यहरु गर्न नौकुण्ड गाउँपालिका सँग सम्झौता गरेको गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

ड) "पशुपंक्षी" भन्नाले- गाई, भैसी, बाख्रा, कुखुरा, हाँस, लौकार, टर्की, अष्ट्रिज आदि सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,-

(क) लक्षित व्यक्ति वा समूहलाई व्यवसाय संचालनको लागि आवश्यक पर्ने लागत साझेदारीमा ५० प्रतिशत सहुलियत अनुदान सहयोग प्रदान गर्ने ।

(ख) लक्षित व्यक्ति वा समूहको लागि स्वदेशमा रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग पुऱ्याउने ।

(ग) कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा कुटीर उद्योग उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

(घ) लक्षित व्यक्ति वा समूहको आय आर्जनमा टेवा पुऱ्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(ङ) गाउँपालिकाले कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आफनो कार्यक्रम तथा बजेटलाई खर्च गर्नको लागि अनुमती प्रदान गर्ने ।

## परिच्छेद २

**<u>कोषको व्यवस्था</u>**

४. यस कार्यक्रमको लागि देहायका श्रोतबाट कोषको व्यवस्था हुनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकारबाट कोषका लागि प्राप्त अनुदान ।
(ख) राष्टिय तथा अन्तर्राष्टिय दातृ निकायवाट प्राप्त हुने रकम ।
(ग) विभिन्न वित्तीय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम ।
(घ) सहकारी मार्फत कार्यक्रमलाई टेवा पुऱ्याउन संझौता बमोजिम प्राप्त रकम ।

(ङ) गाउँ सभाबाट कोषका लागि विनियोजित रकम ।
(च) कोष परिचालनबाट प्राप्त आम्दानी ।
(ज) अन्य श्रोतबाट प्राप्त रकम ।

## परिच्छेद-३
## प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया

५. अनुसूची-४ बमोजिमका लगानीका क्षेत्रहरुमा अनुदान प्रवाहका लागि देहायको प्रक्रिया अवलम्वन गरिने छ,-

(क) कार्यालयले प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने छ ।

(ख) प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति वा समूहले वडाको सिफारिस साथै अन्य आवश्यक कागजात संलग्न राखी प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) तोकिएको म्याद भित्र पेश भएका प्रस्ताव उपर सिफारिस समितिले अध्ययन गरी योग्य र उपयुक्त प्रस्तावलाई छनौट समितिमा पेश गर्नु पर्नेछ ।

सिफारिस गर्दा देहायको आधारमा मूल्याकंन गरेर सिफारिस गर्नु पर्नेछ,-

| | |
|---|---|
| अ. स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने | १५ अंक |
| आ. बजारको सरल पहुँच र सुनिश्चितता भएको | १० अंक |
| इ. थप रोजगारीको सिर्जना हुने | १० अंक |
| ई. लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने | ५ अंक |
| उ. जोखिम कम रहने उद्यम | ५ अंक |
| ऊ. पूर्व अनुभव तथा विशेष सिप भएको | ५ अंक |
| ए. कुल अंक | ५० अंक |

(ङ) सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरु उपर छनौट समितिले अध्ययन गरी योग्य प्रस्तावलाई अनुदान सहयोगको लागि अन्तिम निर्णय गर्नेछ ।

(च) छनौट समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सामाजिक विकास शाखा वा कृषि तथा पशु शाखा प्रमुखको हुनेछ र यस शाखाले छनौट समितिबाट लगानीका लागि योग्य उद्यमीहरुलाई व्यवसायको प्रकृति अनुसार गाउँपालिका दिने अनुदानको प्रकृया अगाडी बढाउने छ ।

## परिच्छेद ४
## अनुदानका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था

६. योग्यता तथा शर्त :

(१) यस कार्यविधिको अनुसूची ३ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न युवा लक्षित कार्यक्रमहरु प्रर्वधन गर्ने उदेश्य बमोजिम स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,

(२) नौकुण्ड गाउँकार्यपालिकाको कार्यालयबाट व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको,



नौकुण्ड गाउँपालिका

(३) नौकुण्ड भित्र स्थायी बसोबास गरिरहेका देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछ, साथै युवा लक्षित कार्यक्रमको हकमा नागरिकताको फोटोकपी,बैदेशिक रोजगारीमा कार्य गरेको अनुभवका प्रमाण-पत्रहरु, राहदानी, वा अन्य कार्यअनुभवका कागजातहरु ।

(क) व्यवसायिक कृषि तथा पशुपन्छी अनुदान सहयोग

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भई ५० वर्ष ननाधेको

(२) अनुसूची १ बमोजिम उद्यम संचालन निवेदनको ढाँचा

(३) अनुसुची २ बमोजिम उद्यम संचालन तथा उपयोग सम्बन्धी प्रस्ताव

(४) अनुसूचि ३ बमोजिम सूचनाको नमुना यस गाउँपालिकाले जारी गर्नेछ, १५ दिनको समयावधि राखी ।

(५) अनुसूचि ४ बमोजिमको सम्झौता बमोजिम छनौट भएका लघु उद्यमीहरुले निधारित तोकिएको समयावधि भित्र सम्झौता गरि सक्नुपर्नेछ ।

(ग) महिला उद्यमशीलता अनुदान

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भएको,

(२) मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र

(घ) दलित तथा अल्पसंख्यक समुदाय व्यवसाय विकास अनुदान

(१) व्यक्तिको हकमा १८ वर्ष उमेर परा भएको,

(२) दलित तथा अल्पसंख्यक समुदाय भित्र परेको सिफारिस,

(३) दलित तथा अल्पसंख्यक समुदायले संचालन गर्दै आएको परम्परागत पेशामा आधारित व्यवसाय हुनु पर्ने ।

(४) यस कार्यविधि बमोजिम प्रदान हुने अनुदान सम्बन्धित उद्यमीले कुनै एक प्रकारको उद्यम संचालनका लागि मात्र उपलब्ध हुनेछ ।

(५) यस कार्यविधि बमोजिम अनुदान लिने निवेदकले नेपाल सरकार वा प्रदेश सरकारको सहुलियत ऋण अनुदान प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि ऋण वा अनुदान लिएको हुनु हुँदैन ।

## परिच्छेद ५
## सिफारिस समिति र छनौट समितिको गठन तथा काम कर्तव्य र अधिकार

७. सिफारिस समितिको छनौट :

(१) सिफारिस समितिको छनौट देहाय वमोजिम हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत, संयोजक



नौकुण्ड गाउँपालिका

(ख) कृषि/ पशु शाखा प्रमुख, सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख, सदस्य सचिव

(२) दफा (२) मा जे सुकै उल्लेख गरेको भएता पनि आवश्यकता अनुसार रोजगार संयोजक, अन्य शाखा प्रमुख वा सम्बन्धित वडा सचिव वा विज्ञलाई बैठकमा अमन्त्रित सदस्यको रुपमा बोलाउन बाधा पर्ने छैन ।

(३) सिफारिस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ,-

क. सामाजिक शाखाले तयार गरेको रितपूर्वक पेश भएका प्रस्तावहरु उपर दफा ५ घ बमोजिम मूल्यांकन गर्ने र उपयुक्त ठहरिएका प्रस्तावहरुको सूचि तयार गर्ने ।

ख. उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न छनौट समितिमा सिफारिस गर्ने निर्णय गर्ने ।

ग. लगानी भएका उद्यमहरुको नियमित अनुगमन गर्ने ।

घ. युवा लक्षित कार्यक्रम संचालन प्रभावकारी बनाउन छनौट समितिलाई नीतिगत पृष्ठपोषण गर्ने

ङ. छनौट समिति र गाउँकार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

च. अन्य तोकिएको कामहरु गर्ने ।

छ बैठकका उपस्थित हुने पदाधिकारीहरुलाई गाउँपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

८. <u>छनौट समितिको गठन</u> :

(१) छनौट समिति देहाय अनुसार गठन हुनेछ,-

क. गाउँपालिका प्रमुख अध्यक्ष

ख. उप प्रमुख सदस्य

ग. गाउँपालिका प्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना सदस्य

घ. गाउँपालिका प्रमुखले तोकेको कार्यपालिकाको दलित सदस्य एक जना सदस्य

ङ. गाउँपालिका प्रमुखले तोकेको संस्थाको प्रमुख एकजना सदस्य

च. आर्थिक विकास शाखा प्रमुख सदस्य

छ. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

स्पष्टीकरण : समितिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन बाधा पर्ने छैन ।

(२) यस छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

क.  सिफारिस समितिले पेश गरेको प्रस्तावहरु दफा ५ घ बमोजिम मूल्यांकन भए नभएको यकिन गर्ने र उपयुक्त लागेका प्रस्तावहरुको सूची तयार गर्ने ।

ख. सूची बमोजिम उपयुक्त प्रस्तावहरुलाई अनुदान लगानी गर्न कोषमा पर्याप्त रकम भए नभएको सुनिश्चित गर्ने ।

ग.  अनुदान लगानी गर्न योग्य प्रस्तावको सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन गर्ने ।

घ.  लगानी भएका उद्यमहरुको नियमित सुपरिवेक्षण गर्ने ।

ङ.  स्वरोजगार कार्यक्रमको लागि आवश्यक कोष बढाउन बाह्य निकायहरु बिच समन्वय र सहकार्यका निम्ति नौकुण्ड गाउँकार्यपालिकालाई नीतिगत सुझाव दिने तथा पृष्ठपोषण गर्ने ।

च.  कोषबाट सम्पादन हुने वार्षिक प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्ने ।

झ  अन्य तोकिएको काम गर्ने ।

(३) बैठकमा उपस्थित हुने पदाधिकारीहरुलाई गाउँपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन वाधा पर्ने छैन ।

## परिच्छेद ६

कोषको लेखा परीक्षण

९  कोषको लेखापरीक्षण देहाय बमोजिम हुनेछ,-

(क)  कोषको लेखा परीक्षण गाउँकार्यपालिकाका अन्य कोष वा कार्यक्रम सरह हुनेछ ।

(ख)  कोषमा दातृ निकायबाट प्राप्त रकमको सम्बन्धमा लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित दातृ निकायमा  र समग्र प्रतिवेदन गाउँसभामा पेश गर्नु पर्नेछ ।

(ग)  प्रतिवेदन उपर औल्याइएका विषयहरुको परिपालना गर्ने जिम्मेवारी गाउँ कार्यपालिका, छनौट समिति, सिफारिस समितिको हुनेछ ।

## परिच्छेद ७

विविध

१०.  सहयोग गर्नुपर्ने : यस कार्यविधि बमोजिम संचालित कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।



नौकुण्ड गाउँपालिका

११. कार्यविधिको पालना : यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा गाउँपालिका र गाउँपालिकाको निर्देशन सम्बद्ध सबैले पालना गर्नु पर्नेछ ।

१२. कार्यविधिको संशोधन गर्न सकिने : गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१३. बाधा अड्काउ फुकाउने : यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँकार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

## अनुसूची १

(परिच्छेद ३ को दफा ५ सगँ सम्बन्धित) प्रस्ताव पेशको लागि दिइने निवेदनको ढाँचा

श्री संयोजकज्यू, सिफारिस समिति, युवा लक्षित कार्यक्रम नौकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, सरमथली,रसुवा ।

विषय :स्वरोजगारीका लागि युवा लक्षित कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गरेको बारे ।

महोदय प्रस्तुत विषयमा म/हामी तपसिलका व्यक्तिले...................... ..................को............ ......................... नौकुण्ड गाउँपालिका वडा नं.................... स्थित ......................

टोलमा................. .........................(उद्यम/ब्यवसायको नामको) संचालन गरी स्वरोजगार बन्नका निम्ति नौकुण्ड गाउपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७ का शर्तहरु पालना गर्न तयार भई तपसिलको विवरण सहितको कागजात संलग्न गरी यो निवेदन पेश गरको छु/छौं ।

निवेदकको नाम थर :

स्थायी ठेगाना :

दस्तखत :

कागजात :

संलग्न कागजात :

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. नौकुण्ड गा.पा.को स्थायी बासिन्दा खुल्ने प्रमाण

ग. सम्बन्धित वडा कार्यालयबाट बेराजगारी हो भनी लागि गरिएको सिफारिस

घ. आवश्यक पर्ने अन्य कागजातहरु

नौकुण्ड गाउँपालिका

अनुसूची २

(परिच्छेद ५ को दफा ७ उपदफा १ सँग सम्बन्धित) उद्यमको प्रस्ताव

१. उद्यमको नाम :.............................................................................. उद्यम संचालन गरिने ठेगाना :.......................................................

/ गाउँपालिका वडा

उद्यम सम्बन्धी पूर्व अनुभव भएको

तालिम प्राप्त / अप्राप्त .............................................

२. उद्यम : नयाँ :

चालु (थप लगानी वा परिस्कृत) : उद्यमको प्रकृति :
उत्पादनमुलक : प्रसोधन
सेवामूलक : व्यापारजन्य : अन्य

उत्पादित बस्तु वा सेवाको बजार : कच्चापदार्थ : स्थानीय वा बाह्य

श्रम : स्थानीय वा बाह्य

३. लागत

क. स्थिर पूँजी

i. मेशिन रु .................................
ii. घर रु .................................
iii. जग्गा रु .................................
iv। अन्य रु .................................

ख. चालू पूँजी

i. कच्चा पदार्थ रु .................................
ज्याला रु ................................. बिजुली पानी रु ..................................... मर्मत संभार रु .................................
तलब रु .................................

ग. कुल पूँजीः

कुल चालु पूँजी कुल स्थीर पूजी : रु ......................................

४. पूँजीको श्रोतः क. स्वलगानी : रु ......................................

ख. ऋण सुबिधा : रु ......................................

नौकुण्ड गाउँपालिका

अनुदान लगानीका क्षेत्रहरु

(क) व्यवसायिक कृषि तथा पशुपन्छी अनुदान लगानीका क्षेत्रहरु :

1) तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विकी वितरण,
2) विउ विजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिकी वितरण,
3) बनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
4) पशुपन्छीपालन, अष्टिच, टर्की, हांस पालन र सोको मासु भण्डारण, प्रसोधन, तथा बिकी विवरण,
5) फलफुल उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
6) मत्स्यपालन, भण्डारण तथा विकी वितरण,
7) च्याउ उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
8) पशुबधस्थल/बधशाला, मासुजन्य उत्पादन, सो को प्रसोधन, भण्डारण तथा बिकी वितरण,
9) दुग्ध उत्पादन, प्रसोधन तथा बिकी वितरण,चौरी का परिकार दुध,चिज, छुर्पि,ध्यू ईत्यादी ।
10) जडिबुटी तथा गैरकाष्ठ बनपैदावर उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
11) उखु, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो, खेती तथा यिनीहरुको उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
12) मौरी पालन व्यवसाय
13) जौ, फापर, सिलाम उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
14) प्राङगारीक तथा जैविक मल उत्पादन तथा बिकी वितरण,
16) कपास, उन, रेसम खेती /उत्पादन, प्रसोधन तथा बिकी वितरण,
17) घाँस तथा घाँस खेती नर्सरी स्थापना
18) नेपाल सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिकाले समय समयमा थप गरेका अन्य ब्यवसायिक कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु,

(ख) घरेलु तथा साना कुटिर उद्योगको लागि अनुदान लगानीका क्षेत्रहरु

१. हाते तथा खुट्टे तान,
२. अर्धस्वचालित तान,
३. सिलाई, बुनाइ, उनी पोशाक सम्बन्धी कार्य, गाउक्षेत्र भित्रपोषाक निर्माण कार्य,
४. सिकर्मी कार्य,
५. काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
६. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
७. हाते कागज उत्पादन,

(ग) दलित तथा अल्पसंख्यक समुदायबाट संचालन हुने व्यवसायको ऋण लगानीका क्षेत्रहरु

१. परम्परागत रुपमा बजाउने बाजा निर्माण, खरीद तथा बिकी कार्य,
२. सिलाइ कटाई, सो को तालिम संचालन, सिलाई कटाई मेसिन खरिद कार्य,

३. परम्परागत आय आर्जनका पेशाहरु,४. फलाम, कोइला आदि वस्तु खरीद विकी गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण, आरनको लागि यन्त्रशाला निर्माण कार्य,

५. जुत्ता बनाउन चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु विकी वितरण कार्य,

६. परम्परागत रुपमा संचालन गरिदै आएको काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,

७. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,

८. परम्पागत सुन, चाँदी, तामा पित्तलका गहना एवं भांडाकुडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालिगढ सेवा प्रदान गर्ने कार्य,

९. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरीद गर्ने कार्य,

१०. आफ्नो पुर्ख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरीद, बस्तु तथा सेवा विकी, व्यवसायको लागि सामुहिक यन्त्रशाला निर्माण कार्य

११. नेपाल सरकार, प्रदेश सरकार तथा नौकुण्ड गाउपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु

(घ) महिला उद्यमशीलताका लगानीका क्षेत्रहरु :

१ं यसै अनुसूची अन्तरगत क, ख र ग मा उल्लेख भई महिला उद्यमीबाट संचालन भएका सबै व्यवसाय वा पेशाहरु ।

२. नेपाल सरकार, प्रदेश सरकार तथा नौकुण्ड गाउँपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु ।

अनुसूची ३

परिच्छेद ४ को दफा ६ उपदफा ३ सँग सम्बन्धित) सार्वजनिक सूचना

**सूचना !** **सूचना !!** **सूचना !!!**

प्रस्तुत बिषयमा यस नौकुण्ड गाउँपालिका कृषि,पशपंक्षि तथा आर्थिक शाखा अर्न्तगत आ.ब.२०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवा लक्षित कार्यक्रम (स्वरोजगार तथा फर्म प्रवर्धनको लागि सहयोग कार्यक्रम लधु उद्यम मार्फत व्यावसाय तथा आयआर्जनका क्रियाकलापहरु संचालन गरि जिविकोपार्जनका साथै व्यावसायिक रुपमा अगाढी बढ्न चाहने ईच्छुक कृषकहरु,लघु उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको कृषि,पशपंक्षि शाखा तथा आर्थिक शाखा विकास शाखामा निवेदन सहित तल उल्लेखित कागजातहरु पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु :**

१. व्यक्तिको हकमा १८ वर्ष उमेर पूरा भई ५० वर्ष ननाधेको

२. युवा लक्षित कार्यक्रम संचालन कार्यविधि २०७७ बमोजिमको उद्यम संचालन निवेदनको ढाँचा तथा प्रस्तावना फाराम अनुसारको प्रस्तावना (आर्थिक तथा प्राविधिक)

३. नागरिकताको प्रतिलिपि

४.सम्बन्धित वडाकार्यालयको सिफारीस

५.मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र,स्थायी लेखा नम्बर, लेखा परिक्षण प्रतिवेदन का साथै अन्य आवश्यक कागजातहरु

**बिस्तृत जानकारीको लागि :**

नौकुण्ड गाउँकार्यपालिकाको कार्यालय अर्न्तगत कृषि,पशपंक्षि तथा आर्थिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्ति : सुरेश पौडेलः ९८१३ ६७१३५१

...............................

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ४

परिच्छेद ४ को दफा ६ उपदफा ४ सँग सम्बन्धित) सम्झौताको नमुना

नौकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवा र श्री ...........................................................समुह/संस्था/फर्म/व्यक्ति .. बीच यूवा लक्षित कार्यक्रम कार्यान्वयन सम्बन्धमा

भएको सम्झौता

**नौकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवा** (यसपछि प्रथम पक्ष भनिएको) ले ................... (यसपछि दोस्रो पक्ष भनिएको) बाट पेश भएको तथा यस कार्यालयबाट स्वीकृत प्रस्तावना बमोजिम यूवा लक्षित कार्यक्रम सम्बन्धी कार्यक्रम कायान्वयन गर्नको लागि ................ ..........................................समुह/संस्था/फर्म/व्यक्ति संग ...................................रकम रु अक्षेरुपी .............................गाउँकार्यपालिकाको कार्यालयमा बसी निम्न शर्तहरु पालन गर्ने गरी यो सम्झौता गरिएको छ।

१. दोस्रो पक्षले स्वीकृत कार्यादेशमा उल्लेखित प्रावधानहरु पूरा गरी प्रस्तावनामा उल्लेख गरे बमोजिम यूवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न दोश्रो पक्षले तोकिएको समयसिमा भित्र सम्पन्न गर्नु पर्नेछ ।

२. प्रथम पक्षले यूवा लक्षित कार्यक्रम कार्यान्वयन को चरणमा जुनसुकै समयमा पनि अनुगमन तथा पृष्ठपोषण गर्न सक्नेछ ।

३. दोस्रो पक्षले ०७८ असार २५ गतेभित्र तोकिएको कार्य सम्पन्न गरी सो को प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

४. कार्य सम्पन्न भए पश्चात प्रथम पक्षले दोश्रो पक्षलाई उल्लेखित रकम सम्झौता बमोजिम उपलब्ध गराउनेछ ।

५. यो सम्झौता पश्चात दोस्रो पक्षबाट माग भएमा उपरोक्त कार्यका लागि बढीमा ४०% पेश्कि उपलब्ध गराइनेछ ।

६. दोस्रो पक्षलाई उपलब्ध गराइने रकममा प्रचलित नियम कानून अनुसार लाग्ने शुल्क कट्टा गरेर मात्र अन्तिम किस्ता भुक्तानी गरिनेछ ।

७. यस सम्झौतामा उल्लेख भएका बाहेक अन्य कुराहरु नौकुण्ड गाउँपालिकाको यूवा लक्षित कार्यक्रम संचालन कार्यबिधि २०७७ का साथै प्रचलित कानुन बमोजिम गरिनेछ ।

**प्रथम पक्षको तर्फबाट** **द्धितीय पक्षको तर्फबाट**

............................... ....................................

प्रमुख प्रशासकीय अधिकृत
नौकुण्ड गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवा
सम्झौता मिति : २०७७

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत
अण प्रशाद पौडेल

प्रमाणीकरण मितिः २०७७/९/२८

नौकुण्ड गाउँपालिका